२०८१ सालको कार्यविधि नं. २०

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः २० मितिः२०८२।०१।१०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**हेटौंडा उपमहानगरपालिका व्यावसायिक सिप विकास तालिम सञ्चालन कार्यविधि, २०८१ को पहिलो संशोधन कार्यविधि, २०८१**

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका व्यावसायिक सिप विकास तालिम सञ्चालन कार्यविधि, २०८१ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम " हेटौंडा उपमहानगरपालिका व्यावसायिक सिप विकास तालिम सञ्चालन कार्यविधि, २०८१ को पहिलो संशोधन कार्यविधि, २०८१" रहेको छ ।

**२. दफा १ मा संशोधनः** दफा १ मा संक्षिप्त नाम, प्रारम्भ र मार्गदर्शन भन्ने व्यवस्था राख्ने ।

**३. दफा २ को खण्ड 'क' देखि 'फ सम्म संशोधनः** दफा २ को खण्ड 'क' देखि 'फ' सम्मको परिभाषा खण्डमा देहाय बमोजिमको संशोधन गर्ने ।

(क) “औद्योगिक प्रतिष्ठान” भन्नाले प्रशिक्षार्थीहरूलाई कार्यगत तालिम (On The Job Training) तथा रोजगारीको अवसर प्रदान गर्ने उद्योग व्यवसायलाई सम्झनुपर्छ ।

हेटौंडा राजपत्र

(ख) "तालिमको चक्र" भन्नाले तालिम पूर्वको तयारीदेखि तालिम सञ्चालन, सिप परीक्षण, नतिजा मापन र भुक्तानीसम्मको द्विपक्षीय सम्झौतामा उल्लेख गरिएको क्रियाकलाप र समयावधिलाई सम्झनुपर्छ।

(ग) "तालिम प्रदायक संस्था" भन्नाले परिषद्बाट कार्यक्रम सञ्चालन स्वीकृति तथा सम्बन्धन प्राप्त बहुप्राविधिक शिक्षालय, शिक्षालय, विद्यालय, साझेदारी, प्रतिष्ठान र निजी स्तरमा संचालित शिक्षण संस्थाहरूलाई सम्झनुपर्छ।

(घ) "निजी स्तरमा सञ्चालित संस्था" भन्नाले परिषद् कार्यालयबाट सम्बन्धन प्राप्त छोटो अवधिका तालिम सञ्चालन गर्दै आएका निजी स्तरमा सञ्चालित तालिम प्रदायक संस्थाहरूलाई सम्झनुपर्छ।

(ङ) "दीक्षित प्रशिक्षार्थी" भन्नाले यस कार्यविधिअनुसार सञ्चालित सिप विकास तालिममा प्रशिक्षार्थी भएर सफलतापूर्वक तालिम सम्पन्न गरी सिप परीक्षणमा सहभागी भई उत्तीर्ण व्यक्तिलाई सम्झनुपर्छ ।

(च) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा ३ बमोजिमको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई सम्झनुपर्छ।

(छ) "परिषद् कार्यालय" भन्नाले परिषद्को संघीय तथा प्रदेश कार्यालयलाई सम्झनुपर्छ।

(ज) "पालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनुपर्छ ।

(झ) "पालिकाको कार्यक्षेत्र" भन्नाले उपमहानगरपालिकाको भौगोलिक क्षेत्रलाई सम्झनुपर्छ ।

(ञ) "पाठ्यक्रम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा स्वीकृत भएको छोटो अवधिको पाठ्यक्रम वा पालिका आवश्यकताको आधारमा तयार पारेको पाठ्यक्रमलाई सम्झनुपर्छ ।

(ट) "पेसागत व्यावसायिक तालिम" भन्नले परिषदद्वारा स्वीकृत १० महिना (१६९६ घण्टा) अवधिको तालिमलाई
सम्झनुपर्छ ।

(ठ) "प्रशिक्षक" भन्नाले परिषद् वा पालिकाद्वारा स्वीकृत पाठ्यक्रमअनुसार सैद्धान्तिक तथा प्रयोगात्मक सिप सिकाउन सम्बन्धित तालिम प्रदायक संस्थाद्वारा नियुक्त गरिएको प्राविधिक व्यक्तिलाई सम्झनुपर्छ।

(ड) "प्रत्यक्ष तालिम लागत" भन्नाले सिप तालिम सञ्चालनका लागि आवश्यक पर्ने औजारको खर्च, उपकरण र फर्निचरको ह्रासकट्टी वा भाडा, प्रशिक्षकको पारिश्रमिक, तालिममा खपत हुने प्रयोगात्मक सामग्रीहरू, तालिम हल र प्रयोगात्मक कार्यशाला, विद्युत, पानी तथा तालिम व्यवस्थापन खर्च आदिलाई सम्झनुपर्छ।

(ढ) "प्रशिक्षार्थी" भन्नाले तालिममा छनोट भई प्रशिक्षणरत सहभागी व्यक्तिलाई सम्झनुपर्छ ।

(ण) "लाभकारी रोजगारी" भन्नाले दीक्षित प्रशिक्षार्थीले सम्बन्धित पेसाको रोजगारीबाट प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम मासिक आम्दानीलाई सम्झनुपर्छ ।

(त) "लक्षित वर्ग र समूह" भन्नाले पालिकाको क्षेत्र भित्रका बेरोजगार, आर्थिक रूपमा विपन्न र सामाजिक रूपले विभेदमा परेका समुदाय, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरू जो सिपमूलक तालिमका लागि इच्छुक छन् र तालिमबाट हासिल गरेको सिपलाई पेसा बनाएर रोजगारीमा जान ईच्छुक व्यक्ति वा समूहलाई सम्झनुपर्छ । यस कार्यविधिले लक्षित वर्ग र समूहलाई प्राथमिकरणका आधारमा वर्गीकरण गरेको छ ।

(थ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेको सामुदायिक विद्यालय (टेक्स) हरूलाई सम्झनुपर्छ।

(द) “सिप विकास तालिम समन्वय समिति” भन्नाले यस कार्यविधिको दफा ६.१ बमोजिमको गठित समितिलाई सम्झनुपर्छ ।

(ध) “प्रशिक्षार्थी छनोट समिति” भन्नाले यस कार्यविधिको दफा दफा ६.४ बमोजिमको गठित समितिलाई सम्झनु पर्दछ ।

(न) “सिप विकास तालिम” भन्नाले बजारको मागमा आधारित छोटो अवधिको सिपमूलक तालिम भन्ने सम्झनुपर्छ।

(ऩ) “सिप परीक्षण” भन्नाले तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको राष्ट्रिय सिप परीक्षण समितिले सञ्चालन गर्ने सिप परीक्षणलाई सम्झनुपर्छ ।

(प) “सुविधा खर्च वा अप्रत्यक्ष तालिम लागत” भन्नाले प्रत्यक्ष तालिम खर्च बाहेक सहभागीहरूको यातायात, आवास, खाजा लगायतका खर्चहरूलाई सम्झनुपर्छ ।

(फ) “शिक्षालय” भन्नाले परिषद्का आङ्गीक प्राविधिक तथा बहुप्राविधिक शिक्षालय र तालिम केन्द्रलाई सम्झनु पर्छ । साथै सो शब्दले परिषद् अन्तर्गत साझेदारी र प्रतिष्ठानको रुपमा सञ्चालित प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरूलाई समेत सम्झनुपर्छ ।

**३. दफा ३ मा संशोधनः** दफा ३ मा कार्यविधिको उद्देश्य पछि यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छ भन्ने व्यवस्था थप गर्ने ।

**४. दफा ४ मा संशोधनः** दफा ४ को खण्ड (क) र (ख) लाई उपदफा (१) र (२) बनाउने ।

**५. दफा ६.३ मा संशोधनः** दफा ६.३ मा समन्वय समितिको काम, कर्तव्य र अधिकार पछि समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ भन्ने व्यवस्था थप गर्ने ।

**६. दफा ६.३ को खण्ड (झ) मा संशोधनः** दफा ६.३ को खण्ड (झ) मा व्यावसायिक सिप विकास तालिम प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि यस समितिले आवश्यकताअनुसार प्रशिक्षार्थी छनोट समिति, तालिम अनुगमन तथा नतिजा प्रमाणीकरण समिति गठन गर्न सक्नेछ भन्ने व्यवस्था राख्ने ।

**७. दफा ६.६ मा संशोधनः** दफा ६.६ मा साथै तालिम पश्चात भन्ने शब्द झिक्ने ।

**८. दफा ६.६ मा संशोधनः** दफा ६.६ मा तालिम अनुगमन तथा मूल्यांकन समितिमा देहायका पदाधिकारी थप गर्नेः

(क१) शिक्षा विकास महाशाखा प्रमुख

(ग१) आर्थिक प्रशासन प्रमुख वा निजले तोकेको लेखापाल

**९. दफा ६.७ को खण्ड (छ) मा संशोधनः** दफा ६.७ को खण्ड (छ) मा लेखिएको यो समितिले भन्ने शब्द झिक्ने ।

**१०. दफा ८.२ मा संशोधनः** दफा ८.२ मा सञ्चालन हुने तालिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रमअनुसार Elementary Level, तह १, २ का साथै तह २ को १६९६ घन्टा (१० महिना) अवधिको तालिम सञ्चालन गर्ने र स्थानीय बजारको मागलाई मध्यनजर गरी पालिकाले तय गरेको संभावित विषयको तालिम सञ्चालन गर्न सक्नेछ भन्ने व्यवस्था राख्ने।

**११. दफा ८.३ मा संशोधनः** दफा ८.३ मा तालिम स्थल छनोटका आधारहरु पछि तालिम स्थल छनोटका आधारहरु देहायबमोजिसञ्चालन हुने तालिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रमअनुसार Elementary Level, तह १, २ का साथै तह २ को १६९६ घन्टा (१० महिना)

अवधिको तालिम सञ्चालन गर्ने र स्थानीय बजारको मागलाई मध्यनजर गरी पालिकाले तय गरेको संभावित विषयको तालिम सञ्चालन गर्न सक्नेछ भन्ने व्यवस्था राख्ने।

**१२. दफा ८.३ को खण्ड (ङ) मा संशोधनः** दफा ८.३ को खण्ड (ङ) मा उल्लिखित सम्पूर्ण व्यवस्था मिलाएपछि तालिम प्रदायक संस्थाले तालिमस्थल रुजुका लागि औपचारिक रुपमा सम्बन्धित निकायमा अनुरोध गर्नुपर्ने छ र सम्बन्धित निकायले तालिम स्थल रुजु गरी तालिम सञ्चालन अनुमति प्राप्त गरेपश्चात मात्र तालिम सञ्चालन गर्नु पर्नेछ भन्ने व्यवस्था राख्ने

**१३. दफा ८.४ मा संशोधनः** दफा ८.४ मा बजारको मागको आधारमा तथा उपलब्ध बजेटको आधारमा प्रशिक्षार्थी कोटा निर्धारण गरिनेछ । यसरी कोटा निर्धारण गर्दा सामान्यतया १ समूहमा २० जना प्रशिक्षार्थी मात्र हुनेछन् भन्ने व्यवस्था राख्ने ।

**१४. दफा ८.५ मा संशोधनः** दफा ८.५ मा आवेदकमा हुनुपर्ने योग्यता पछि आवेदकमा हुनुपर्ने योग्यता देहायबमोजिम हुनेछन् भन्ने व्यवस्था थप गर्ने ।

**१५. दफा ८.६ मा संशोधनः** दफा ८.६ मा आवेदनसाथ पेस हुनुपर्ने आवश्यक कागजातहरू पछि आवेदनसाथ पेस हुनुपर्ने आवश्यक कागजातहरू देहायबमोजिम रहेका छन् भन्ने व्यवस्था थप गर्ने ।

**१६. दफा ९ मा संशोधनः** दफा ९ मा .......... व्यवस्था मिलाउनु पर्नेछ पछि तालिम कार्यक्रमको कार्यान्वयन मुख्य गरेर तीन चरणमा हुनेछ भन्ने व्यवस्था राख्ने ।

**१७. दफा ९.१.७ मा संशोधनः** दफा ९.१.७ मा साविकको व्यवस्थाको सट्टा (१) तालिम प्रदायक संस्थाले अनुसूची -४, ५ र ६ मा दिइएको नमूनाअनुसार प्राप्त अङ्कको आधारमा अनुसूची-७ मा दिइएको नमूनाबमोजिम कुल प्राप्ताङ्कलाई आधार मानी योग्यताक्रमअनुसार प्रशिक्षार्थीको अन्तिम नामावली प्रकाशित गर्नुपर्नेछ । अन्तिम नामावली प्रकाशन गर्दा आवश्यक सङ्ख्याको बढीमा २० प्रतिशत वैकल्पिक सूचीसमेत प्रकाशन गर्नुपर्नेछ । छनोट सूचीमा परेका प्रशिक्षार्थीलाई तालिममा भर्ना हुने म्याद अवगत गराउनुको साथै तालिम सञ्चालन हुने मिति, स्थान र समयबारे सोही दिन जानकारी गराउनु पर्नेछ ।

(२) मुख्य सूची र वैकल्पिक सूचीबाट मात्र प्रशिक्षार्थीको भर्ना गर्नुपर्नेछ ।

(३) तालिम सञ्चालन हुने स्थलमा सबैले देख्ने गरी तालिमको ब्यानर अनुसूची-८ मा दिइएको नमूनाबमोजिम र तालिम कक्षा भित्र तालिम बारे संक्षिप्त जानकारी (Fact Sheet) गराउन अनुसूची-९ को नमुनाबमोजिम राख्नु पर्नेछ । भन्ने व्यवस्था राख्ने ।

**१८. दफा ९.२.१.१ मा संशोधनः** दफा ९.२.१.१ मा साविकको व्यवस्थाको सट्टा (१) तालिम प्रदायक संस्थाले छनोट भएका प्रशिक्षकलाई कार्यक्रमको पहिलो दिनमा कार्यक्रमको परिचय, कार्यान्वयन प्रक्रिया, समयावधि, तालिम अवधिमा प्रयोग गरिने औजार, उपकरण तथा सामग्रीको हेरचाह, प्रयोग र त्यसको भण्डारण, सेवा सुविधा, कार्यक्रमबाट हुने फाइदा, रोजगारी र वृत्तिपथ एवं प्रशिक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धमा अभिमुखीकरण गराउनु पर्नेछ ।

(२) पाठ्यक्रमको आधारमा प्रशिक्षण प्रक्रियासम्बन्धी प्रष्ट रुपमा जानकारी गराउनु पर्नेछ । जस्तैः तालिम केन्द्रमा हुने प्रशिक्षण र उद्योग/व्यवसायमा हुने कार्यगत अभ्यास/प्रशिक्षण, नियमित सिकाइ मूल्याङ्कन, सिप परीक्षण प्रक्रिया आदिबारे जानकारी गराउनु पर्नेछ ।

(३) पाठ्यक्रममा उल्लिखित व्यक्तिगत सुरक्षा उपकरण (Personal Protective Equipment-PPE) का साथै संक्रमण र महामारी रोगबाट व्यक्तिगत रुपमा सुरक्षित हुने उपाय र

त्यससँग सम्बन्धित उपकरणका सम्बन्धमा आवश्यक जानकारी एवं प्रयोग बारे पनि अभिमुखीकरण गराउनु पर्नेछ । भन्ने व्यवस्था राख्ने ।

**१९. दफा ९.२.१.२ मा संशोधनः** दफा ९.२.१.२ मा साविकको व्यवस्थाको सट्टा (१) पाठ्यक्रमले निर्दिष्ट गरेको विषयवस्तु समेट्ने गरी तर्जुमा गरिएको तालिम सञ्चालन योजनाको आधारमा दैनिक पाठयोजना निर्माण गर्नुपर्नेछ । पाठयोजनाले प्रशिक्षकलाई सही मार्गनिर्देशन गर्नेछ भने प्रशिक्षार्थीलाई सिकाइ उद्देश्य प्राप्त गर्न सहयोग पुग्नेछ । प्रशिक्षकले उद्देश्य, विषयवस्तु, प्रशिक्षण सामग्री, प्रशिक्षण विधि र मूल्याङ्कन प्रक्रिया समावेश गरी अनुसूची-११ मा दिइएको ढाँचाअनुसार दैनिक पाठयोजना तयार गर्नुपर्नेछ ।

(२) प्रशिक्षकले दैनिक शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न पश्चात् अनुसूची-१२ मा दिइएको नमूनाअनुसार दैनिक प्रशिक्षण लगबुक अद्यावधिक गर्नुपर्नेछ । भन्ने व्यवस्था राख्ने ।

**२०. दफा ९.२.१.४ मा संशोधनः** दफा ९.२.१.४ मा ........ वितरण गर्दा पछि भएको अनुसूची-१८ को स्थानमा अनुसूची-१४ राख्ने ।

**२१. दफा ९.२.१.५ मा संशोधनः** दफा ९.२.१.५ मा साविकको व्यवस्थाको सट्टा (१) तालिम प्रदायक संस्थाले अनुगमन र आगन्तुक पुस्तिका तालिम स्थलमा अनुसूची-१५ मा दिइएको नमूना अनुसार राख्नुपर्नेछ । सम्बन्धित निकायबाट गरिने अनुगमनका क्रममा तालिममा पाइएका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षबारे अनुगमनकर्तालाई आगन्तुक पुस्तिकामा लेख्न अनुरोध गर्नुपर्नेछ ।

(२) अनुगमन र आगन्तुक पुस्तिकाले संस्थाको तालिम सञ्चालनको अवस्थाको जानकारी हुनका साथै पछि हुने अनुगमनका लागि पृष्ठपोषण प्रदान गर्नेछ ।

(३) अनुगमनकर्ताबाट दिइएका सुझाव कार्यान्वयन गर्नु तालिम प्रदायक संस्था र प्रशिक्षकको कर्तव्य एवं दायित्व हुनेछ । भन्ने व्यवस्था राख्ने ।

**२२. दफा ९.२.१.९ मा संशोधनः** दफा ९.२.१.९ मा ....... गर्न सके र नसकेको पछि भएको अनुसूची-१४ को स्थानमा अनुसूची-१६ राख्ने ।

**२३. दफा ९.२.१.१० मा संशोधनः** दफा ९.२.१.१० मा साविकको व्यवस्थाको सट्टा (१) तालिमको सुरुवाती चरणमा नै सम्बन्धित पेसाबारे कार्यस्थल/उद्योग र व्यवसायको पूर्ण जानकारी दिन र सो पेसाबाट प्राप्त हुने अवसर एवं चुनौती समेत अवगत गराउन प्रशिक्षार्थीलाई अवलोकन भ्रमणको व्यवस्था गर्नुपर्ने छ । .........

(२) ...... प्रशिक्षार्थीलाई व्यवसाय सञ्चालनसम्बन्धी जनशक्तिको व्यवस्थापन, कच्चा पदार्थको आपूर्ति, उत्पादित वस्तुको बजारीकरण, लगानीको अवस्था, व्यवसायका चुनौती जस्ता विविध पक्षबारे अनुभव प्राप्त हुनेछ (कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र) । भन्ने व्यवस्था राख्ने ।

**२४. दफा ९.२.१.११ मा संशोधनः** दफा ९.२.१.११ मा साविकको व्यवस्थाको सट्टा (१) तालिम प्रदायक संस्थाले तालिम संयोजक, प्रशिक्षक, OJT सुपरिवेक्षक र कम्पनी प्रशिक्षकको समन्वयमा अनुसूची-१७ मा दिइएको नमूना अनुसार कार्यगत अभ्यास र प्रशिक्षणको योजना बनाउन सकिनेछ । उक्त योजनाअनुसार प्रशिक्षार्थीको सिकाइमा निखारता ल्याउन काम गर्दै सिक्ने सिद्धान्त अनुरुप कार्यगत अभ्यासका लागि प्रशिक्षार्थीलाई सम्बन्धित उद्योग/व्यवसायमा पदस्थापन गराउनु पर्नेछ र सो तालिमको अवधिमा प्रशिक्षकले सहजीकरण र अनुगमनसमेत गर्नुपर्नेछ ।

(२) प्रशिक्षार्थीलाई कार्यगत तालिम (OJT) प्रदायक उद्योगमा पदस्थापन गर्नुपूर्व तालिम प्रदायक संस्थाले कम्पनी प्रशिक्षकलाई OJT को जानकारी र त्यसको सञ्चालन प्रक्रियाबारे अभिमुखीकरण गराउनु पर्नेछ ।

(३) कार्यगत अभ्यास र प्रशिक्षणको योजनामा उद्योग/व्यवसायअनुसार प्रशिक्षार्थी सङ्ख्या, मुख्य सिकाइ हुने सिप, कम्पनी प्रशिक्षक र OJT सुपरिवेक्षकको विवरण समावेश गर्नुपर्नेछ र उक्त योजना तोकिएको डाटाबेस प्रणालीमा समेत प्रविष्ट गर्नुपर्नेछ (कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र) । भन्ने व्यवस्था राख्ने ।

२५. **दफा ९.२.१.१२ मा संशोधनः** दफा ९.२.१.१२ मा साविकको व्यवस्थाको सट्टा (१) तालिम प्रदायक संस्थाले प्राविधिक प्रस्तावनामा उल्लेख गरेको कार्यगत अभ्यास/प्रशिक्षण प्रदायक साझेदार उद्योग/व्यवसायको सूची तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ । यस सूचीलाई तालिम केन्द्रमा हुने प्रशिक्षण अवधिमा पनि अद्यावधिक गर्न सकिनेछ । सूची तयार गर्दा उद्योग/व्यवसायमा हुने अभ्यास/ प्रशिक्षणको अवधिमा प्रशिक्षार्थीको सिकाइको गुणस्तर कायम गर्न, सिकाइको उपयुक्तताको अवलोकन गरी यसका लागि पर्याप्त मात्रामा भौतिक पूर्वाधारको सुनिश्चितता गर्नुपर्नेछ । सूची तयार भइसकेपछि सबै उद्योग/ व्यवसायसँग तालिम कार्यक्रम, विशेषता, सञ्चालन विधि र अपेक्षा गरिएको उपलब्धि बारे जानकारी गराउँदै छलफल गर्नुपर्नेछ ।

(२) उद्योग/व्यवसाय छनोटका सबै प्रक्रिया पूरा भएपछि उद्योग/व्यवसायले आफ्नो उद्योगमा राख्न सक्ने प्रशिक्षार्थीको सङ्ख्या र सुपरिवेक्षक उपलब्ध गराउने सम्बन्धमा औपचारिक प्रतिबद्धता उपलब्ध गराउनु पर्नेछ । उपयुक्त सङ्ख्यामा प्रशिक्षार्थी उपलब्ध गराउने उद्योग/व्यवसायको सङ्ख्या र प्रतिबद्धता प्राप्त गरेपछि अनुसूची- १८ मा दिइएको नमूना अनुसार समझदारी-पत्रमा हस्ताक्षर गर्नुपर्नेछ । (कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र) भन्ने व्यवस्था राख्ने ।

२६. **दफा ९.२.१.१२ को सट्टा दफा ९.२.१.१३ बनाउने ।**

२७. **दफा ९.३.२ को खण्ड (ज) मा संशोधनः** दफा ९.३.२ को खण्ड (ज) झिक्ने ।

२८. **दफा ११.४.१ मा संशोधनः** दफा ११.४.१ मा तालिमपूर्वको जिम्मेवारी पछि तालिमपूर्वको जिम्मेवारी देहायबमोजिम हुनेछ भन्ने व्यवस्था थप गर्ने ।

२९. **दफा ११.४.२ को खण्ड (क) मा संशोधनः** दफा ११.४.२ को खण्ड (क) मा तालिम केन्द्रमा हुने प्रशिक्षण अन्तर्गत गर्नुपर्ने मुख्य क्रियाकलाप पछि तालिम केन्द्रमा हुने प्रशिक्षण अन्तर्गत गर्नुपर्ने मुख्य क्रियाकलाप देहायबमोजिम हुनेछन् भन्ने व्यवस्था थप गर्ने ।

३०. **दफा ११.४.२ को खण्ड (ख) मा संशोधनः** दफा ११.४.२ को खण्ड (ख) मा उद्योग/व्यवसायमा हुने प्रशिक्षण अन्तर्गत गर्नुपर्ने मुख्य क्रियाकलाप पछि उद्योग/व्यवसायमा हुने प्रशिक्षण अन्तर्गत गर्नुपर्ने मुख्य क्रियाकलाप देहायबमोजिम हुनेछन् भन्ने व्यवस्था थप गर्ने ।

३१. **दफा ११.४.३ मा संशोधनः** दफा ११.४.३ मा तालिम पश्चात जिम्मेवारी पछि तालिम पश्चातका जिम्मेवारी देहायबमोजिम हुनेछन् भन्ने व्यवस्था थप गर्ने ।

३२. **दफा ११.८ मा संशोधनः** दफा ११.८ मा पालिकाको भूमिका र जिम्मेवारी पछि पालिकाको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछ भन्ने व्यवस्था थप गर्ने ।

**३३. दफा १२ मा संशोधनः** दफा १२ मा साविकको व्यवस्थाको सट्टा *(१)* कार्यक्रम सञ्चालन अवधिभर तालिम प्रदायक संस्थाले आवश्यक्ताअनुसार तोकिएको अवधिमा उपलब्ध प्रतिवेदन नमूनामा प्रतिवेदन तयार गरी सम्बन्धित संस्था वा निकायमा पेस गर्नुपर्नेछ । उक्त प्रतिवेदन तयार गर्नुपूर्व संस्थाले तोकिएको डाटाबेस प्रणालीमा कार्यक्रमको प्रगति एवं उपलब्धिको सम्पूर्ण सूचना तथा जानकारी प्रविष्ट गर्नुपर्ने छ । तयार गरिएको प्रतिवेदनको आधारमा सम्बन्धित संस्था वा निकायमा भुक्तानीको लागि पेस गर्नुपर्नेछ ।

*(२)* तालिम कार्यक्रमका लागि प्रतिवेदन लेखनको ढाँचा निम्नानुसार हुनेछ ......

**३४. अनुसूची-१ मा संशोधनः** अनुसूची-१ मा पालिकाको नाम लेखिएको स्थानमा हेटौंडा उपमहानगरपालिका र पालिककाको ठेगाना लेखिएको स्थानमा मकवानपुर राख्ने ।

**३५. अनुसूची-१ मा संशोधनः**

हस्ताक्षर (तालिम प्रदायक संस्थाको प्रमुख)........

नाम (तालिम प्रदायक संस्थाका प्रमुख)..........

पद (तालिम प्रदायक संस्थाका प्रमुख)..........

छाप (तालिम प्रदायक संस्थाका प्रमुख)...........

**माथि लेखिएको सट्टामा देहायको व्यवस्था राख्नेः**

तालिम प्रदायक संस्थाका प्रमुखको:

हस्ताक्षर:

नाम:

पद:

छाप :

**३६. अनुसूची-२ मा संशोधनः** ...........पालिका/परियोजनाको स्थानमा हेटौंडा उपमहानगरपालिका राख्ने ।

**३७. अनुसूची-४ मा संशोधनः** प्रशिक्षार्थी छनोट मूल्याङ्कन आधारको स्थानमा प्रशिक्षार्थी छनोटको मूल्याङ्कनका आधार राख्ने ।

**३८. अनुसूची-४ मा संशोधनः** साविकको तालिकाको बुँदा नं. ४ मा साक्षरता र कक्षा ८ उत्तीर्णका लागि विनियोजित अंक क्रमशः ७ र ८ लाई कक्षा ८ उत्तीर्णलाई ८ र साक्षरतालाई ७ अंक दिई सिलसिलेबार मिलाएको ।

**३९. अनुसूची-११ मा संशोधनः** (दफा ९.२.१ को (ख) सँग सम्बन्धित) दैनिक शिक्षण पाठयोजनाको स्थानमा (दफा ९.२.१.२ को खण्ड (क) सँग सम्बन्धित) दैनिक पाठयोजना राख्ने ।

**४०. अनुसूची-१२ मा संशोधनः** (दफा ९.२.१ को (ख) सँग सम्बन्धित) को स्थानमा (दफा ९.२.१.२ को खण्ड (क) सँग सम्बन्धित) राख्ने ।

**४१. अनुसूची-१३ मा संशोधनः** (दफा ९.२.१ को (ग) सँग सम्बन्धित) को स्थानमा (दफा ९.२.१.३ सँग सम्बन्धित) राख्ने ।

**४२. अनुसूची-१४ मा संशोधनः** (दफा ९.२.१ को (झ) सँग सम्बन्धित) को स्थानमा अनुसूची १६ (दफा ९.२.१.९ को खण्ड (झ) सँग सम्बन्धित) राख्ने ।

४३. **अनुसूची-१५ मा संशोधनः** (दफा ९.२.१ को (ङ) सँग सम्बन्धित) को स्थानमा (दफा ९.२.१.५ सँग सम्बन्धित) राख्ने ।

४४. **अनुसूची-१६ मा संशोधनः** (दफा ९.२.१ को (ठ) सँग सम्बन्धित) को स्थानमा अनुसूची १८ (दफा ९.२.१.१२ को खण्ड (ठ) सँग सम्बन्धित) राख्ने ।

४५. **अनुसूची-१७ मा संशोधनः** (दफा ९.२.१ को (ट) सँग सम्बन्धित) को स्थानमा (दफा ९.२.१.११ सँग सम्बन्धित) राख्ने ।

४६. **अनुसूची-१८ मा संशोधनः** (दफा ९.२.१ को (घ) सँग सम्बन्धित) को स्थानमा अनुसूची १४ (दफा ९.२.१.११ सँग सम्बन्धित) राख्ने ।

४७. **अनुसूची-१९ मा संशोधनः** (दफा ९.२.१ को (ङ) सँग सम्बन्धित) को स्थानमा (दफा ९.२.२ को खण्ड (ख) सँग सम्बन्धित) राख्ने ।

४८. **अनुसूची-२० मा संशोधनः** (दफा ९.२.१ (ड) को (ग) सँग सम्बन्धित) को स्थानमा (दफा ९.२.२ को खण्ड (ग) सँग सम्बन्धित) राख्ने ।

४९. **अनुसूची-२१ मा संशोधनः** (दफा ९.२.१ (ड) को (ङ) सँग सम्बन्धित) को स्थानमा (दफा ९.२.२ को खण्ड (ङ) सँग सम्बन्धित) राख्ने ।

५०. **अनुसूची-२२ मा संशोधनः** ……… पालिकाले कार्यान्वयन गरेको स्थानमा हेटौंडा उपमहानगरपालिकाले कार्यान्वयन गरेको र ………… पालिका प्रतिनिधि भएको स्थानमा हेटौंडा उपमहानगरपालिकाको प्रतिनिधि राख्ने ।

५१. **अनुसूची-२४ मा संशोधनः** (दफा १२ को (ख) सँग सम्बन्धित) को स्थानमा (दफा १२ को उपदफदा (२) को खण्ड (ख) सँग सम्बन्धित) राख्ने ।

५२. **अनुसूची-२४ मा संशोधनः** (दफा १२ को उपदफदा (२) को खण्ड (ख) सँग सम्बन्धित) निवेदन खण्डमा रहेको पालिकाको नाम... र पालिकाको ठेगाना... को सट्टा हेटौंडा उपमहानगरपलिका र मकवानपुर राख्ने।

५३. **अनुसूची-२४ मा संशोधनः** (दफा १२ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित) को निवेदन खण्डमा रहेको पालिकाको हस्ताक्षर (तालिम प्रदाय संस्था) ....

नाम (तालिम प्रदाय संस्था) ....

छाप (तालिम प्रदाय संस्थाका प्रमुखको) .... सट्टा

तालिम प्रदायक संस्थाका प्रमुखको:

नाम:

पद:

छाप: राख्ने ।

५४. **अनुसूची-२५ मा संशोधनः** (दफा १२ को (ग) सँग सम्बन्धित) को स्थानमा (दफा १२ को उपदफा (२) (ग) सँग सम्बन्धित राख्ने ।

५५. **अनुसूची-२५ मा संशोधनः** (दफा १२ को उपदफदा (२) को खण्ड (ग) सँग सम्बन्धित) निवेदन खण्डमा रहेको पालिकाको नाम... र पालिकाको ठेगाना... को सट्टा हेटौंडा उपमहानगरपलिका र मकवानपुर राख्ने।

५६. **अनुसूची-२५ मा संशोधनः** (दफा १२ को उदफा (२) को खण्ड (ग) सँग सम्बन्धित) को निवेदन खण्डमा रहेको प्रमुख प्रशासकीय अधिकृतज्यू पछि निवेदन खण्डमा रहेको पालिकाको नाम... र पालिकाको ठेगाना... को सट्टा हेटौंडा उपमहानगरपलिका र मकवानपुर राख्ने।

५७. **अनुसूची-२५ मा संशोधनः** (दफा १२ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित) को निवेदन खण्डमा रहेको

हस्ताक्षर (तालिम प्रदायक संस्था) ....

नाम (तालिम प्रदायक संस्था) ....

छाप (तालिम प्रदायक संस्थाका प्रमुखको) .... सट्टा

तालिम प्रदायक संस्थाका प्रमुखको:

नाम:

पद:

छाप: राख्ने ।

५८. **अनुसूची-२५ मा संशोधनः** अनुसूची २५ को तालिम प्रतिवेदन खण्डको बुँदा नं ३ को (ग) मा रहेको (अनुसूची १४) मा आधारित को सट्टा (अनुसूची १६) मा गर्ने भन्ने व्यवस्था राख्ने ।

५९. **अनुसूची-२६ मा संशोधनः** (दफा १२ को (ग) सँग सम्बन्धित) को स्थानमा (दफा १२ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित राख्ने ।

६०. **अनुसूची-२६ मा संशोधनः** (दफा १२ को उपदफदा (२) को खण्ड (ग) सँग सम्बन्धित) प्रतिवेदन खण्डमा रहेको पालिकाको नाम... र पालिकाको ठेगाना... को सट्टा हेटौंडा उपमहानगरपलिका र मकवानपुर राख्ने।

६१. **अनुसूची-२६ मा संशोधनः** (दफा १२ को उदफा (२) को खण्ड (ग) सँग सम्बन्धित) को निवेदन खण्डमा रहेको प्रमुख प्रशासकीय अधिकृतज्यू पछि निवेदन खण्डमा रहेको पालिकाको नाम... र पालिकाको ठेगाना... को सट्टा हेटौंडा उपमहानगरपलिका र मकवानपुर राख्ने।

६२. **अनुसूची-२६ मा संशोधनः** (दफा १२ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित) को निवेदन खण्डमा रहेको

हस्ताक्षर (तालिम प्रदाय संस्था) ....

नाम (तालिम प्रदाय संस्था) ....

छाप (तालिम प्रदाय संस्थाका प्रमुखको) .... सट्टा

तालिम प्रदायक संस्थाका प्रमुखको:

नाम:

पद:

छाप: राख्ने ।

६३. **अनुसूची-२७ मा संशोधनः** (दफा को (घ) सँग सम्बन्धित) को स्थानमा (दफा १२ को उपदफा (२) को खण्ड (घ) सँग सम्बन्धित राख्ने।

६४. **अनुसूची-२७ मा संशोधनः** (दफा १२ को उपदफदा (२) को खण्ड (घ) सँग सम्बन्धित) प्रतिवेदन खण्डमा रहेको पालिकाको नाम... र पालिकाको ठेगाना... को सट्टा हेटौंडा उपमहानगरपलिका र मकवानपुर राख्ने।

६५. **अनुसूची-२७ मा संशोधनः** (दफा १२ को उदफा (२) को खण्ड (ग) सँग सम्बन्धित) को निवेदन खण्डमा रहेको प्रमुख प्रशासकीय अधिकृतज्यू पछि रहेको पालिकाको नाम... र पालिकाको ठेगाना... को सट्टा हेटौंडा उपमहानगरपलिका र मकवानपुर राख्ने।

६६. **अनुसूची-२७ मा संशोधनः** (दफा १२ को उपदफा (२) को खण्ड (घ) सँग सम्बन्धित) को निवेदन खण्डमा रहेको

हस्ताक्षर (तालिम प्रदाय संस्था) ....

नाम (तालिम प्रदाय संस्था) ....

छाप (तालिम प्रदाय संस्थाका प्रमुखको) .... सट्टा

तालिम प्रदायक संस्थाका प्रमुखको:

नाम:

पद:

छाप: राख्ने ।

**आज्ञाले**
**भरत गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र